


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

संकटमा लैङ्गिक हिंसाको रोकथामः तीनै तहका सरकारले निर्माण गरौं नयाँ आयाम ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क २१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ३० गते शनिबार ❑ 14 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## मौद्रिक नीतिमा कोरोना प्रभावित क्षेत्रको पुरुत्थानमा प्राथमिकता

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

कोभिड–१९ महामारीबाट प्रभावित क्षेत्रहरूको पुनरुत्थान गर्दै अर्थतन्त्र विस्तारमा सहयोग पुऱ्याउने प्रमुख ध्येयका साथ चालु आर्थिक वर्षको मौद्रिक नीतिले आफ्नो कार्यदिशा तय गरेको छ।

मौद्रिक सहजीकरण गर्नुपर्ने र आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न कसिलो मौद्रिक नीति अवलम्बन गर्नुपर्ने अवस्थाबीच तालमेल मिलाई मौद्रिक नीतिको सन्तुलित कार्यदिशा अवलम्बन गरिएको गभर्नर महाप्रसाद अधिकारीले जानकारी दिनुभयो।

यस्तै, मूल्य तथा वाह्य क्षेत्र स्थायित्वमा पर्नसक्ने दबाबतर्फ सजग रहँदै मौद्रिक नीतिको अङ्कुशको रूपमा रहेको विद्यमान स्थिर विनिमयदर पद्धतिलाई कायम राख्दै समष्टिगत आर्थिक स्थितिका आधारमा मौद्रिक व्यवस्थापन गरिने भएको छ।

वित्तीय स्रोत परिचालनको दायरा फराकिलो बनाउँदै उपलब्ध वित्तीय साधनलाई उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता विकास र दिगो तथा समावेशी आर्थिक विकास हासिल गर्नेतर्फ नीति परिलक्षित गरिएको छ। त्यस्तै, ब्याजदर करिडोरको प्रभावकारी कार्यान्वयनमार्फत् ब्याजदर स्थायित्व कायम हुने गरी तरलता व्यवस्थापन गरिने भएको छ। वित्तीय क्षेत्रको विकास र स्थायित्वका लागि बैंक तथा वित्तीय संस्थामा सुशासन प्रवर्द्धन तथा सुदृढीकरण गरी वित्तीयमध्यस्थताको कार्यलाई कुशल र प्रभावकारी बनाइने भएको छ भने भुक्तानी कारोबारमा विद्युतीयमाध्यमको प्रयोगलाई प्रवर्द्धन गरी नगद कारोबार न्यूनीकरण गर्दै लगिने नीतिको कार्यदिशा रहेको छ।

वित्तीय पूर्वाधारको विकास र वित्तीय साक्षरता अभिवृद्धिमार्फत् वित्तीय पहुँच तथा वित्तीय समावेशीकरण प्रवर्द्धन गर्ने एवम् आर्थिक तथा मौद्रिक लक्ष्य प्राप्तिमा ध्यान दिइएको छ। उपभोक्ता मुद्रास्फीति औसत ६.५ प्रतिशतभित्र सीमित राख्नुको साथै आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिँदै अर्थतन्त्र विस्तारमा सहयोग पुग्ने गरी तरलता व्यवस्थापन गर्ने नीतिको अर्को लक्ष्य छ।

आव २०७८/७९ मा कम्तिमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम हुने गरी मौद्रिक तथा वाह्य क्षेत्र व्यवस्थापन गरिनेछ। यसैगरी कूल गार्हस्थ्य उत्पादनलाई मौद्रिक प्रक्षेपणको आधारको रूपमा लिई आव २०७८/७९ मा विस्तृत मुद्राप्रदायको बिस्तार १८ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा विस्तार १९ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

## नेपालमै पहिलोपटक स्नातक तहमा खेलकुदको अध्यापन

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

खेलकुद पर्यटनको शहरका रूपमा स्थापित हुँदै गएको पोखरामा खेलकुद विषयको समेत अब अध्यापन हुने भएको छ।

गण्डकी प्रदेश सरकारले स्थापना गरेको गण्डकी विश्वविद्यालयमा यस वर्षदेखि नेपालमै पहिलोपटक स्नातक तहमा चार वर्षे कार्यक्रम 'ब्याचलर इन स्पोर्टस् म्यानेजमेन्ट'(बिएसएम) को अध्यापन शुरु गर्न लागिएको हो। विश्वविद्यालयले खेलकुद विषय अध्यापनका लागि अहिले भर्ना आह्वान गरिसकेको छ। यही साउन मसान्तसम्म विद्यार्थी भर्ना आवेदनको कार्यक्रम प्रकाशित गरिएको विश्वविद्यालयले जनाएको छ। प्रदेश सरकारले प्रदेशमा प्राविधिक दक्ष जनशक्ति उत्पादनको लक्ष्यसहित दुई वर्षअघि विश्वविद्यालयको स्थापना गरेपछि यस वर्षदेखि विश्वविद्यालयले आफ्नो शैक्षिक कार्यक्रम अघि बढाएको हो। बिएसएमसहित यस वर्षदेखि ब्याचलर इन इन्फरमेशन टेक्नोलोजी(बिआइटी)को पनि अध्यापन सुरु हुनेछ।

देशमै पहिलोपटक स्नातक तहमा बिएसएमको चार वर्षेशैक्षिककार्यक्रममाविद्यार्थीलाई खेलकुदका सैद्धान्तिक विषयसँगै प्रयोगात्मक अध्ययन अध्यापन गराइने विश्वविद्यालयका उपकुलपति प्रा डा नवराज देवकोटाले बताउनुभयो। उहाँका अनुसार अधिकांश पाठ्यक्रम अन्तर्राष्ट्रिय मापदण्डमा आधारित भएर बनाइएको छ। पाठ्यक्रममा १० देखि १२ वटा खेलका विषयमा सैद्धान्तिक अध्ययापनसमेत हुने बताइन्छ। "नेपालमा अहिलेसम्म स्पोर्ट्समा युवालाई आकर्षण गर्ने कार्यक्रम देशका कुनै पनि विश्वविद्यालयमा नरहेकाले नयाँ सन्देश दिने गरी हामीले सुरुआत गरेका हौं", उपकुलपति देवकोटाले भन्नुभयो, "अध्यापनको मुख्य उद्देश्य युवालाई खेलकुद व्यवस्थापक, म्यानेजर, प्रशिक्षक, रेफ्रिसहित खेलकुद कार्यक्रम सञ्चालनमा सक्षम बनाउनु सँगसँगै खेलाडी बन्नसमेत सघाउने छ।"

आठ सेमेस्टरमा सञ्चालन हुने कोर्षमा भलिबल, फुटबल, तेक्वान्दो, कराँते, ह्याण्डबल, एथलेटिक्स, जिम्न्याष्टिक, बास्केटबल, आर्चरी, ठेलो, क्रिकेट र स्विमिङलाई समावेश गरिएको छ। यसैगरी खेलकुद मार्केटिङ, खेलकुद अर्थतन्त्र, 'फन्डिङ इन स्पोर्ट्स', 'स्पोर्ट्स टुरिजम', 'स्पोर्ट्स इन ग्लोबलाइजेशन', 'स्पोर्ट्स इन मिडिया', 'स्ट्राटेजिक म्यानेजमेन्ट इन स्पोर्ट्स इन्डष्ट्रिज', 'एथलेटिक्स केयर एण्ड रिह्याबिलिटेसन' लगायतका विषय पाठ्यक्रममा राखिएको छ। स्नातक तहमा खेलकुद विषयको अध्यापनबाट एक सक्षम खेल प्रशासक र खेल व्यवस्थापक बन्नका लागि विद्यार्थीलाई पर्याप्त ज्ञान प्राप्त गर्ने विश्वास लिइएको छ। गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले नेपालको खेलकुद विकासका लागि सो कार्यक्रम कोसेढुङ्गा बन्ने बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "खेलकुदमा भविष्य खोज्नेका लागि गण्डकी प्रदेशले एउटा सुनौलो ढोका खोलिदिएको छ। खेलकुदको प्रचुर सम्भावना भएको पोखरामा यस विषयको पढाइले खेलकुद व्यवस्थापन र खेलकुदमा दक्ष जनशक्ति उत्पादनमा सघाउने छ।" स्नातक तहमा चार वर्षे बिएसएम कार्यक्रमको शुल्क रु तीन लाख ३० हजार रहेकामा विद्यार्थीलाई छात्रवृत्तिको समेत व्यवस्था गरिएको विश्वविद्यालयले जनाएको छ। पहिलो वर्ष ५० विद्यार्थीका लागि कोटा रहेको र आगामी दशैँपछि कक्षा सञ्चालनको तयारी छ।

स्नातक तहमा चार वर्षे कोर्ष पूरा भएपछि स्नातकोत्तर तहमा पनि खेलकुद विज्ञानका विषयमा अध्यापन गरिने छ। नेपालको संविधानले उच्च शिक्षाको व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको छ। यसैगरी माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई छ।

## पोखरा औद्योगिक क्षेत्रमा खोप अभियान

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन



गण्डकी प्रदेशको एक मात्र पोखरा औद्योगिक क्षेत्रमा रहेका उद्यमी व्यवसायी र मजदुरहरूलाई औपचारिक रुपमा कोभिड विरुद्धको खोप लगाउने कार्य सुरु भएको छ। औधोगिक क्षेत्र भित्रखोप केन्द्र स्थापना गरी खोप लगाउन थालिएको हो।

औधोगिक क्षेत्रमा रहेको खोप केन्द्रको निरीक्षणमा पुगेका पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा र कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापाले पोखरा औधोगिक क्षेत्रको वस्तु स्थितिको बारेमा समेत जानकारी लिएका छन्। औधोगिक क्षेत्र रहेका व्यवसायी र मजदुरलाई क्रमशः सबैलाई खोप लगाउने बताउँदै मन्त्री शर्माले व्यवसाय आम जीवनसँग जोडिने विषय भएकाले हामीले प्राथमिकता बताएका छन्। त्यसै गरी कानुनमन्त्री थापाले औधोगिक क्षेत्रले आपत्तको समयमा अति आवश्यक खाद्य तथा अक्सीजन जस्ता सामाग्री उत्पादन गरेकोमा धन्यवाद ज्ञापन गर्दै उद्योगी व्यवसायीहरुको पिर मर्का बुझ्नो काम राज्यले गर्नु पर्ने बताएका छन्। पोखरा औधोगिक क्षेत्र उद्योग संघका अध्यक्ष सुरेशबहादुर श्रेष्ठले खोप अभियान सुरुवात भएकोमा खुसी व्यक्त गर्दै उद्योग क्षेत्रको विकासमा गण्डकी प्रदेश सरकारले थप ध्यान दिनु बताएकाथिए। त्यसै गरी पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष गोर्खण काकीले वर्तमान सरकारले विषयगत रुपमा खोपको व्यवस्थापन गरी उद्यमी व्यवसायी र मजदुरहरुको हौसला बढाएकोमा आभार व्यक्त गरेका थिए।

कोभिड १९को महामारी चलिरहँदा पनि औधोगिक क्षेत्रको गतिविधि सुरक्षित तरिकाले सञ्चालन भईरहेको र पूर्व सावधानीको लागिखोप कार्यक्रमले मजदुर तथा व्यवसायी, कर्मचारीहरु उत्साही भएको कायम मुकाम क्षेत्र प्रबन्धक भूषण कुमार उपाध्यायले जानकारी गराएका छन्। करिब तिन हजारको हाराहारीमा उद्यमी व्यवसायी र मजदुरहरु रहेको औधोगिक क्षेत्रमा शुक्रबार एक हजार खोप लगाईएको हो।

## तीन हजार ९१५ संक्रमित, २७ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

पछिल्लो २४ घण्टामा नेपालमा थप तीन हजार ९१५ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ११ हजार ७०८ पीसीआर परीक्षणमा दुई हजार ७६३ र छ हजार ८७४ एन्टिजेन परीक्षणमा एक हजार १५२ जना गरी कूल तीन हजार ९१५ जनामा संक्रमण पुष्टि भएको हो। योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या सात लाख २८ हजार ५३२ पुगेको छ। त्यस्तै एन्टिजेन परीक्षण गर्नेको संख्या ७४ हजार ३४ रहेको छ।

पछिल्लो २४ घण्टाको अवधिमा थप दुई हजार ११८ जना संक्रमणमुक्त भएका छन्। योसँगै हालसम्म नेपालमा संक्रमणमुक्त हुनेको संख्या छ लाख ७९ हजार ४९५ पुगेको छ। नेपालमा संक्रमणमुक्त हुने दर ९३ दशमलव ३ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। हाल नेपालमा ३५ हजार ५१८ होम आइसोलेसन, तीन हजार २८० जना संस्थागत आइसोलेसनमा रहेका छन्। त्यसैगरी ७३६ जना आइसीयू र १८६ जना भेन्टिलेटरमा उपचाररत छन्। देशभर सक्रिय संक्रमितको संख्या ३८ हजार ७९८ जना छन्।

नेपालमा कोरोना संक्रमणबाट थप २७ जनाको मृत्यु भएको छ। योसँगै नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या दश हजार २३९ पुगेको छ। नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुने दर १.५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

## खोपले खेलाडीमा उत्साह

कृष्ण दवाडी
पोखरा, २९ साउन



कोरोना भाइरस महामारीको दोस्रो लहरले तीन महिनादेखि खेल क्षेत्र ठप्प छ। पहिलो लहरको कोरोना महामारीले लामो समय बन्द रहेको खेल गतिविधि गत वर्ष मङ्सिरदेखि पुनःसञ्चालन भएकामा चार महिना नबित्दै दोस्रो लहरले प्रभावित बनायो।

खेलकूद गतिविधि बढी हुने गण्डकी प्रदेशको राजधानी शहर पोखरामा जिल्ला प्रशासनले रङ्गशाला, खेलकुदस्थल, फुटसल सञ्चालनमा निषेधाज्ञा लगाएपछि खेलाडी तथा प्रशिक्षक चार महिनादेखि मैदानमा ओर्लिन पाएका छैनन्। महामारी न्यूनीकरणका लागि सरकारले खेलकुद गतिविधि सञ्चालनमा लगाएको बन्देज अहिलेपनि कायमै छ। जसले गर्दा हरेक दिन चहलपहल हुने खेलकुदस्थल सुनसान प्रायः छन्।

पोखरा रङ्गशालामा केही खेलको सामान्य अभ्यास शुरु भए पनि खेलाडीले कोरोना विरुद्धको खोप नपाउँदा निर्धक्क भएर मैदानमा आउन नसकेको अवस्थामा खेलाडीका लागि खोप लगाउन शुरु भएपछि खेल क्षेत्रमा उत्साह थपिएको छ। खेलाडी छिट्टै मैदानमा फर्किन पाउने विश्वासमा छन्। प्रदेश खेलकुद परिषद्, जिल्ला खेलकुद विकास समिति तथा पोखरा महानगर खेलकुद समितिको पहलमा शुक्रबार पोखरा रङ्गशालामा ४०० खेलाडी तथा प्रशिक्षकले पहिलो चरणमा कोरोना विरुद्ध भेरोसिल खोप लगाएका छन्। विभिन्न ३६ खेल सङ्घबाट ११ जनाका दरले खोप लगाइएको थियो। पहिलो चरणमा नवौं राष्ट्रिय खेलकुदलाई लक्षित गरेर प्रशिक्षण बस्ने खेलाडी, प्रशिक्षक र खेल सङ्घका पदाधिकारीलाई खोप लगाइएको प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले बताउनुभयो। शुरुआतमा खेलकुद क्षेत्रका लागि एक हजार ५०० खोप सरकारसँग माग गरेकामा केहीले उमेर समूहका आधारमा यसअघि नै लगाइसकेकाले तत्कालका लागि गण्डकीका ११ वटै जिल्लाका लागि एक हजार एक खोप आवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'खेल क्षेत्रलाई चलायमान बनाउन खेलाडीले खोप पाउनुपर्दछ भनेर लागि परेका थियौँ। प्रशासनसँगको खोप लगाउन शुरु भएसँगै खेलाडी, अभिभावकलाई समेत आत्मबल बढेको छ, यसबाट प्रशिक्षणस्थलमा स्वास्थ्यका मापदण्ड पूरा गरेर खेल गतिविधि शुरु गर्न सहज भएको छ।' खोपको प्रतिक्षामा रहेका खेलाडी खोप लगाउन पाएसँगै उत्साहित बनेका छन्। लामो समय घरभित्रै बसेर 'सेल्फ अभ्यास' गरेका खेलाडी खोप पाएसँगै रङ्गशालामा अभ्यास र प्रतियोगिता खेल्न पाउने अपेक्षामा छन्। निकट भविष्यमा नै सबै खेलकुदकर्मीले खोप पाएर खेल क्षेत्र पूर्ववत अवस्थामा फर्किने विश्वास खेलाडीको छ। फुल कन्ट्याक्ट कराते राष्ट्रिय खेलाडी निर्मल केसी खोप पाएसँगै उत्साह बढेको बताउनुहुन्छ। उहाँले खोपले मनोबल वृद्धि गरेको बताउनुभयो। 'कोरोनापछि हामी रङ्गशाला र डोजोहरूमा गएर प्रशिक्षण गर्न पाएका थिएनौं। महामारी कहिले अन्त्य हुन्छ भनेर चिन्ता लागि रहेको बेला आज खोप लगाउन पाउँदा खुशी लागेको छ', केसीले भन्नुभयो, 'खोप प्राप्त गरेपछि आत्मबल पनि बढेको छ, विस्तारै पहिलाजस्तै प्रतियोगिता खेल्न पाइन्छ भन्ने विश्वास जागेको छ।'

यसैवर्ष गण्डकी प्रदेशमा तय भएको नवौं राष्ट्रिय खेलकुदका लागि सबै खेलाडी तथा प्रशिक्षकलाई सरकारले खोपको व्यवस्था गरेर अभ्यास शुरु गर्नुपर्ने भनाइ उहाँको छ। महानगर खेलकुद परिषद्का सदस्य सचिव सुभाष खड्काले खेलाडीलाई खोप लगाउन शुरु भएसँगै खेल क्षेत्रमा उत्साह थपिएको बताउनुभयो।



# युवा दिवसमा पोखरेली उद्यमी युवाले गरे रक्तदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ साउन**

अन्तर्राष्ट्रिय युवा दिवस २०२१ को सन्दर्भमा नेपाली युवा उद्यमी मञ्च (एनवाइइएफ) पोखराले चिप्लेढुंगामा रक्तदान कार्यक्रम आयोजना गर्‍यो।




नेपाल रेडक्रस सोसाइटी कास्कीसँग समन्वय गरी आयोजना गरिएको कार्यक्रममा ७७ जनाले रक्तदान गरेका थिए।

पोखरामा सन् २००४ देखि क्रियाशील मञ्चले मुलुका ११ वटा सहरमा एकैपटक रक्तदान कार्यक्रम आयोजना गरेको थियो। बढ्दो कोरोना भाइरस संक्रमणलाई लक्षित गर्दै स्वास्थ्य मापदण्ड अप्नाउन जनचेतनामुलक कार्यक्रम पनि समावेश गरिएको थियो। मास्क वितरण मात्रै होइन स्यानीटाइजर र अन्य स्वास्थ्य सामग्री प्रयोग गर्ने तरिकाको जानकारी समेत दिएर समाजिक दूरी अप्नाउन युवाहरूलाई सन्देश दिइएको थियो। मञ्चका अध्यक्ष सुनिल बहादुर भट्टराईले युवालाई उद्यमीशील बनाउन युवामैत्री नीति र युवा केन्द्रित कार्यक्रम आवश्यक भएको बताए। भट्टराईले रक्तदानमा सहभागी रक्तादातालाई धन्यवाद र आभार प्रकट गर्दै प्रमाणपत्र प्रदान गरेका थिए। युवासँग सम्बन्धित मुलुकभरका विभिन्न गैरसरकारी संघसंस्थाले युवा लक्षित कार्यक्रम आयोजना गरेर युवा दिवस मनाएका हुन्। पोखरामा पनि नेपाली युवा उद्यमी मञ्चले रक्तदान कार्यक्रम गरेर युवा दिवसलाई सन्देशमुलक बनाएको कुरा मञ्चका प्रथम उपाध्यक्ष सुयश मल्लले जानकारी दिए। बढ्दो कोरोना भाइसरको जगजगीमा पनि युवाहरू पोखराको चिप्लेढुंगामा सामाजिक दूरी कायम गर्दै रक्तदान गरेका थिए। युवा उद्यमी मञ्च विशुद्ध गैह्न नाफामुलक संस्था हो। युवाका मुद्धामा क्रियाशील मञ्च सामाजिक क्षेत्रमा पनि क्रियाशील छ। 'स्टार्ट अफ हब'को निर्माण गरि 'स्टार्ट अफ' सम्बन्धी कानुन, नीति, नियम बनाएर अगाडि बढ्न प्रदेश सरकारलाई घचूघच्याइरहेको छ। यस वर्ष 'खाद्य प्रणालीमा रूपान्तरण, मानव र भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन' को नारा अन्तर्राष्ट्रिय युवा दिवसले तय गरेको थियो। युवाका मुद्धा र सवाललाई सम्बोधन गर्नका लागि संयुक्त राष्ट्रसंघले सन १९९९ देखि हरेक वर्षको अंग्रेजी महिना अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसको रुपमा मनाउने घोषणा गरेको थियो। राष्ट्रसंघको निर्णयसँगै सन् २००० देखि नियमति रूपमा विश्वभर युवा दिवसलाई विभिन्न रचनात्मक र सिर्जनात्मक कार्यक्रम गरि मनाउँदै आइएको छ।

युवासँग सरोकार राख्ने नेपालका संघसंस्थाले भने सन् २००४ देखि यो दिवस मनाउन थालेका हुन। वि.सं. २०७२ सालमा युवा परिषद् गठन भएपछि सरकारी स्तरमा वि.सं. २०७३ देखि कुल जनसंख्याको ४०.३ प्रतिशत युवालाई सम्बोधन गर्ने गरी कार्यक्रमको आयोजना हुँदै आएको छ।

# नागमूर्तिको अनावरणसहित विधिपूर्वक पूजा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ साउन**

नागपञ्चमीका अवसरमा पोखरा-१७ म्युजियममार्गमा सामूहिकरूपमा नागको पूजा आराधना गरिएको छ। धार्मिक विधिपूर्वक नागथानमा पूजा गरेपछि मात्र घरका मूलढोकामा नागको चित्र टाँसी पूजा गर्ने प्रचलन छ।

घरको मूलढोकामा नागको चित्र टाँस गरी पूजा गर्नाले प्राकृतिक प्रकोप नपर्ने, लक्ष्मीको बास हुने हुँदा रोग व्यादीले दुःख नदिने खेतीपाती राम्रो हुने जनविश्वासका साथ परम्परादेखि नागको पूजा गर्रिंदै आएको नागथान निर्माण समितिका अध्यक्ष चेतनदान शर्माले जानकारी दिनुभयो।

उहाँका अनुसार सो स्थानमा शिवलिङ्गसहित पाँच शिर भएका नागको मूर्ति निर्माण गरी पाँच दिनसम्म धार्मिक विधिपूर्वक पूजापाठ गरी प्राणप्रतिष्ठा गरिएको नाग मूर्तिको आज अनावरण गरिएको हो। नागथान निर्माण तथा नागमूर्ति स्थापनाका लागि विभिन्न सङ्घसंस्था एवं व्यक्तिको स्वर्स्फूत सहयोगबाट रु तीन लाख ५४ हजार ४०४ सङ्कलन भएको जनाउँदै उहाँले उक्त निर्माणका लागि रु दुई लाख तीन हजार ११५ खर्च भएको स्पष्ट पार्नुभयो।

नागथान निर्माणका लागि पाँच हजारभन्दा माथि आर्थिक सहयोग गर्ने सङ्घसंस्था र व्यक्ति गरी ३१ जना रहनुभएको छ। खर्च गरेर बाँकी रहेको रकमबाट नियमित नागको पूजा गर्नुका साथै सो स्थानको सरसफाइमा विशेष ध्यान दिइने छ।


## भारतीय राजदूतावास
## पेन्सन वितरण कार्यालय, पोखरा

## आवश्यकता (Vacancy)

१. भारतीय राजदूतावास पेन्सन वितरण कार्यालय पोखरामा तल उल्लेखित पदको पदपुर्ती (नयाँ भर्ना) गर्नुपर्ने भएकोले ईच्छुक भारतीय भूतपूर्व सैनिकहरुले आफ्नो पेन्सन पट्टा, डिस्चार्ज सर्टिफिकेट, बायोडाटा, नेपाली नागरिकताको प्रमाण पत्र, डाक्टरद्धारा स्वास्थ्य परिक्षणको प्रमाणपत्र र निवेदन सहित दिनांक २६ अगस्त २०२१ तदानुसार १० भाद्र २०७८ को बिहान १० बजेभित्र भारतीय राजदूतावास, पेन्सन वितरण कार्यालय रामबजार पोखराको प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

| सि. नं. | पद | संख्या | उमेर |
|---|---|---|---|
| (क) | चौकीदार (Chowkidar) | ०१ | ४५ वर्ष ननाघेको हुनुपर्ने छ। |

२. प्राप्त निवेदन र कागजपत्रहरुको आधारमा छनौट भएका उम्मेदवारहरुलाई मात्र टेलिफोन मार्फत अन्तर्वार्ताको लागि बोलाईने छ।

**सम्पर्क नं. ०६१-४३१२४०**
**०६१-४३२८०५**

**कार्यालय प्रमुख**
**भारतीय राजदूतावास**
**पेन्सन वितरण कार्यालय, पोखरा**


# मौद्रिक नीति सकारात्मक : परिसंघ

**रासस**
**काठमाडौं, २९ साउन**

नेपाल उद्योग परिसङ्घले आफूहरुले दिएको सुझावका आधारमा चालू आर्थिक वर्षको मौद्रिक नीति आएको भन्दै प्रशन्नता व्यक्त गरेको छ। मौद्रिक नीतिमा भएका व्यवस्थाले कोभिड-१९ प्रभावित व्यवसायको पुनरुत्थान, आर्थिक क्रियाकलाप विस्तारमा सहयोग र व्यवसाय निरन्तरतामा योगदान दिने परिसङ्घको बुझाइ छ।

परिसङ्घले एक धारणा सार्वजनिक गर्दै पर्यटन क्षेत्रको ब्याज फ्रिज गर्ने घोषणाले यस क्षेत्रको पुनरुत्थानका लागि सहयोग गर्नेछ। मौद्रिक नीतिले ठूला उद्योगी/व्यवसायीलाई भने सम्बोधन गर्न नसकेको परिसङ्घको बुझाइ छ। एउटै बैंकले ऋण दिन सक्ने सीमा वृद्धि, विपन्न वर्ग कर्जा गणनामा विस्तार, साना र मझौला व्यवसायीको ऋणमा सीमा निर्धारण गर्ने व्यवस्था सकारात्मक रहेको परिसङ्घको भनाइ छ। आर्थिक क्रियाकलाप विस्तार हुँदा ६.५ प्रतिशतको मुद्रास्फिति दर कायम गर्न चुनौतीपूर्ण हुने उल्लेख गर्दै परिसङ्घले निजी क्षेत्रतर्फ १९ प्रतिशत कर्जा विस्तार हुने प्रक्षेपणले पुनरुत्थानका लागि आवश्यक स्रोत परिचालनको माग धान्न नसक्ने आशंका व्यक्त गरेको छ।

# थ्रि एन्जल्स नेपालको सामाजिक लेखाजोखा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ साउन**

थ्रि एन्जल्स नेपालको आर्थिक वर्ष २०७७/७८ को सामाजिक लेखाजोखा कार्यक्रम शुक्रबार सम्पन्न भएको छ।

कोरोना महामारीका कारण भौतिक रुपमा सम्भव नभएपछि भर्चुवल रुपमा कार्यक्रम गरिएको हो। कार्यक्रममा गैर सरकारी संस्था महासंघ गण्डकीका उपाध्यक्ष गोपाल खड्काले सहजीकरण गरेका थिए। खड्काले सामाजिक लेखाजोखाको विधि र प्रकृयाबारे बताउँदै यसका सिद्धान्तबारे अवगत गराए। साथै उनले सामाजिक लेखाजोखाको उद्धेस्यमा केन्द्रित रहेर गरिएको लेखा परिक्षणबाट थ्रि एन्जल्स नेपालका सम्पूर्ण कार्यक्रम चुस्त दुरुस्त अघि बढेको पाईएको बताए। सो अवसरमा संस्थाका संस्थापक अध्यक्ष एवं प्रमुख कार्यकारी डा। राजेन्द्र कुमार गौतमले मानव बेचविखन मुक्त समाज निर्माणको लागि संस्थाले उद्धार रोकथाम र पुनःस्थापनाको माध्यमबाट गर्दै आएका कामबारे प्रष्ट पारेका थिए।

संस्थाका कर्मचारीहरुका आचार संहिता, संस्थाको भौतिक सम्पत्ति विवरण, विभागहरु, संस्थालाई दिगो रुपमा सञ्चालन गर्न गरिएकाप्रयासहरु, पारदर्शीताका लागि संस्थाले अपनाएको विधिलगायतबारे उनले अवगत गराए। साथै मानव बेचविखन विरुद्धको कार्यक्रम, बालबालिका केन्द्रित कार्यक्रम, आय-व्यय, संस्थाका चुनौतीहरुबारे समेत उनले जानकारी गराएका थिए। विश्वव्यापी कोभिड महामारीका कारण भौतिक रुपमा कार्यक्रमहरु सञ्चालन गर्न कठिन भएको, सेवाग्राहीहरुको पुनस्थापनामा चुनौती देखिएको, सामाजिक सञ्जालको दुरुपयोग बढ्दा बालबालिकाहरुमा असर परेको डा।गौतमले बताए।

संस्थाका विभिन्न विभागहरु, मानव बेचविखन विरुद्धका कार्यक्रमहरु, विद्यालय, रेडियो, बालगृह, सहकारी, लघुवित्त कार्यक्रमले सेवाग्राहीहरु समक्ष वर्षभरी पुर्‍याएको सेवाबारे उनले प्रष्ट पारेका थिए। सो अवसरमा डा। गौतमले आगामी आर्थिक वर्षको बजेट र कार्यक्रमबारे समेत अवगत गराएका थिए। कार्यक्रममा बोल्दै राष्ट्रिय बालअधिकार परिषद गण्डकी प्रदेश समन्वय अधिकृत बद्री वाग्लेले संस्थाको विगत १०/१२वर्षदेखिको उच्च छवि कायम रहन सकोस भन्ने सुभकामना दिए। उनले बालबालिका र महिलाको क्षेत्रमा संस्थाले पुर्‍याउँदै आएको योगदान महत्वपूर्ण रहेको बताए।

व्यवसायी एवं सरोकारवाला गोपाल ध्वजुले अनेक चुनौतीका बाबजुद मानव बेचविखन मुक्त समाज निर्माणका लागि संस्थाले काम गरेको भन्दै प्रसंसा गरे। उनले संस्थाले शिक्षा क्षेत्रमा छोटो समयमै निकै प्रभाव पार्न सफल भएको बताए। सेवाग्राहीको तर्फबाट मन्तव्य व्यक्त गर्दै सुमन रानाले संस्थाले आफूलाई आवासिय संरक्षणमा राखि भविश्य निर्माण गर्ने अवसर प्रदान गरेर ठुलो गुन लगाएको बताए। उनले हाल आफू संस्थाकै सहकारीमा आवद्ध भएर मार्केटिङ म्यानेजरको रुपमा काम गरिरहेको भन्दै संस्थाको प्रगतिको कामना गरे। कार्यक्रममा बोल्दै नागरिक समाजका प्रतिनिधि एवं पत्रकार स्याम कुँवरले थ्रि एन्जल्स नेपालका हरेक गतिविधिहरु निकै प्रभावकारी रहेको बताए। थ्रि एन्जल्स नेपालका कार्यक्रम व्यवस्थापक विवेक शर्मा ढकालले संस्थाल कर्मचारीहरुका लागि यस विषम परिस्थितिमा अभिभावकीय भूमिका खेलिरहेको बताए।

अध्यक्षको आशनबाट बोल्दै थ्रि एञ्जल्स नेपालका अध्यक्ष शारदा खत्री गौतमले विषम परिस्थितिमा संस्थाले सेवाग्राहीका समस्या बुझेर सोही अनुसारका कामगरिरहेको जानकारी दिईन्। प्राप्त सुझाव र सल्लाहलाई मध्यनजर गरी आगामी दिनमा संस्थाका कामहरु अझ प्रभावकारी बनाईने प्रतिवद्धता जनाउँदै सबै सहभागीहरुलाई धन्यबाद ज्ञापन गरिन्।





## घर भाडामा

भूपी मार्ग २ अर्चलबोट पोखरा बागलुङ हाई वे बाट ५० मिटर दुरीमा रहेको घर आवा स एवं सहकारी संचालनका लागि उपयुक्त भाडामा छ।



सम्पर्क नं. ९८४६१५४०७७

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कास्कीमा प्रभावकारी बन्दै साझेदारी कार्यक्रम

– हरि बाँस्तोला
पोखरा, २९ साउन

कास्की जिल्ला समन्वय समितिको आर्थिक सहयोगमा सञ्चालित योजना प्रभावकारी बनेका छन् । जिसस र पालिकाको साझेदारीमा सञ्चालित योजनाको निर्माण प्रभावकारीरूपमा अघि बढेका छन् भने सम्पन्न योजना पनि उपयोगी देखिएका छन् ।

कास्की जिल्लाका पोखरा महानगरपालिकासहित कूल पाँचवटा स्थानीय तहमा सञ्चालित ४६ योजनामा कूल रु ३१ करोड ३३ लाख ५३ हजार ९६७ लगानी भएको हो । तीमध्ये समन्वयको ६० प्रतिशत र स्थानीय तहको ४० प्रतिशत लगानी रहेको छ । प्रत्यक्ष जनतालाई सुविधा पुग्ने खालका योजना छनोट गरी जिससको मौज्दात कोषको रु १९ करोड पाँच लाख ७८ हजार ३७८ र पाँचवटै स्थानीय तहको रु १२ करोड २७ लाख ७५ हजार ५८९ बराबरको विकास निर्माणमा लगानी भएको जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैनबहादुर अधिकारी क्षेत्रीले जानकारी दिनुभयो ।

उहाँका अनुसार पालिकागत योजनाअनुसार प्रशासकीय भवन र विभिन्न वडा कार्यालयका भवन निर्माणतर्फ रु १२ करोड ८१ लाख २६ हजार ३८६, खानेपानी पूर्वाधारतर्फ रु दुई करोड ५७ लाख ९६ हजार ९९५, विद्यालय निर्माण तथा भवन मर्मततर्फ रु तीन करोड ४१ लाख ५४ हजार ९९६ र अस्पताल भवन मर्मत तथा निर्माणका लागि रु २५ लाख बराबरको बजेट विनियोजन गरिएको हो ।

“विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमण बढ्न नदिन सरकारले लगाएको निषेधाज्ञाको अवधिमा समेत स्वास्थ्य मापदण्ड अपनाएर निर्माण कार्यलाई तीव्रता दिइएको हो”, उहाँले भन्नुभयो, “विकास निर्माणमा तोकिएको समय र गुणस्तरमा कुनै पनि सम्झौता हुँदैन ।” संवैधानिक व्यवस्थानुसार जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने र विकास निर्माण तथा प्राकृतिक स्रोत उपयोगलगायत अनुगमन गर्ने व्यवस्थानुसार जिससले जिल्लामा तीनवटै तहबाट सञ्चालित योजनाको सरोकारवाला पक्षको समेत सहकार्यमा अनुगमनलाई निरन्तरता दिँदै आएको उहाँको भनाइ छ । निर्माण कम्पनी तथा उपभोक्ता समितिबीचको समस्या समाधानका लागि आवश्यक पहल र समन्वय गर्ने तथा जग्गा विवाद समाधान एवं समयमा बजेट निकासाका लागि आवश्यक पहल गर्दै आएको बताउँदै प्रमुख क्षेत्रीले भन्नुभयो, “विकास निर्माणमा कमीकमजोरी तथा ढिलासुस्ती गर्ने सम्वद्ध पक्षलाई कारबाही गर्न भने कानुनी अभाव छ ।”

सहकार्यमा सञ्चालित योजना

गण्डकी प्रदेशको राजधानी एवं प्रदेशकै एकमात्र महानगरपालिका र जिल्ला समन्वय समिति कास्कीको सहकार्यमा रु नौ करोड ७३ लाख बराबरका विभिन्न छवटा विकास योजना छनोट गरी निर्माण भइरहेको छ ।

महानगरपालिकाका-७, ८ र ३१ मा सुविधासम्पन्न वडा कार्यालय भवन निर्माणका लागि प्रत्येक वडालाई रु दुई करोड १८ लाख ५८ हजार ९३२ दरले कूल रु छ करोड ५५ लाख ७६ हजार ७९६, मातृशिशु मितेरी अस्पतालमा कोभिड उपचारका लागि रु २४ लाख ९५ हजार र तालबाराही माविको पर्खाल निर्माणका लागि रु १३ लाख ७७ हजार ३९०, पोखरा-२८ स्थित खानेपानी योजनाका लागि रु दुई करोड ७८ लाख ५७ हजार १४३ बजेट विनियोजन गरी निर्माण भइरहेको छ ।

जिससको मौज्दात कोष सञ्चालन निर्देशिका-२०७५ अनुसार सञ्चालित उक्त योजना सम्पन्न गर्न जिससले रु छ करोड १० लाख ९६ हजार र महानगरपालिकाले रु तीन करोड ६५ लाख ८२ हजार ८६४ विनियोजनगरेकोमहानगरकाप्रवक्ता धनबहादुर नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यक्रममा उपभोक्ताले देखाएको उत्साहले तोकिएको समयमा निर्माण सम्पन्न हुने विश्वास लिएको छ । कोरोना भाइरस महामारीका बीच पनि निर्माणले तीव्रता पाएको छ ।

भौतिक पूर्वाधार र खानेपानीमा जोड

मादी गाउँपालिकामा साझेदारी कार्यक्रमबाट भौतिक पूवाधारतर्फ नौवटा योजना र खानेपानीतर्फ आठ योजना छनोट भएको छ । तीमध्ये अधिकांश योजना निर्माण सम्पन्न भइसकेका छन् भने केही अन्तिम चरणमा छन् । भौतिक पूर्वाधारतर्फ जनतालाई प्रत्यक्ष सुविधा पुऱ्याउने उद्देश्यले वडा नं ४, ५, ६, ७, ८, ९ र १२ मा वडा कार्यालय भवनसहित ध्रुव मावि निर्माण तथा मर्मत र हिमालय माविको रिटेलिङ वाल गरी कूल रु छ करोड १७ लाख ८० हजार ६२४ लागतमा निर्माण सम्पन्न गरिएको छ भने उक्त निर्माणका लागि जिससको रु तीन करोड ७० लाख ७६ हजार ३९८ र बाँकी स्थानीय तहसँगै जनसहभागितासमेत परिचालन गरिएको गाउँपालिकाका अध्यक्ष वेदबहादुर गुरुङ (श्याम)ले जानकारी दिनुभयो ।

गाउँपालिकाका विभिन्न वडामा रु ७१ लाख ६३ हजार ५०५ लागतमा आठवटा खानेपानी योजना निर्माण गरिएको छ । जसबाट २०० भन्दा बढी परिवारलाई खानेपानीको सुविधा पुगेको छ । खानेपानी योजनाबाट गण्डकी प्रदेश सरकारको ‘एक घर, एक धारा’ अभियानलाई समेत सहयोग पुगेको छ । उहाँका अनुसार जिससको आर्थिक सहयोगबाट निर्माण गरिएको सुविधासम्पन्न वडा कार्यालय भवनबाट सेवाग्राहीलाई सेवाप्रवाहमा सुविधा नपुगेको हो ।

शीतल गुफामा १०८ धारा निर्माण

जिससको मौज्दात कोष र गाउँपालिकाको साझेदारी कार्यक्रमअन्तर्गत कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका-३, ४, ५, ७, ८ र ९ का वडा कार्यालय भवन एवं पर्यटकीयस्थल शीतल गुफामा १०८ धारा निर्माण गरिएको छ । कूल रु चार करोड ७० लाख ८६ हजार ७२२ को लागतमा छवटा नयाँ वडा कार्यालय भवन निर्माण गरिएको छ भने रु २५ लाख ४८ हजार ८२० लागतमा शीतल गुफामा १०८ धारा निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष युवराज कुँवरले जानकारी दिनुभयो ।

यसका लागि जिससको रु दुई करोड ८७ लाख छ हजार ८४७ र गाउँपालिकाको रु एक करोड ८७ लाख ७९ हजार ७७६ लगानी भएको छ । उक्त निर्माण सम्पन्न भएसँगै स्थानीय जनतालाई सुविधा पुग्ने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो, “गाउँपालिकामा सञ्चालित सम्पूर्ण योजना प्रभावकारीरूपमा अघि बढेका छन् ।”विकास निर्माणमा देखिएका समस्या आपसी समझदारीका आधारमा समाधान हुँदै आएका छन् । सबैको साथ र सहयोगले नै गाउँपालिकाको समग्र विकास निर्माणमा सहयोग पुगेको उहाँको भनाइ छ ।

रुपाकोट अस्पताल सञ्चालनमा

कास्की जिल्लाको भौगोलिक हिसाबले सबैभन्दा सानो तथा सुन्दर गाउँपालिका रुपामा साझेदारीमा सञ्चालन गरेको १९ योजनामध्ये १५ शय्याको विशेष रुपाकोट अस्पताल निर्माण गरी सञ्चालनमा आएको छ । रुपा गाउँपालिका-६ स्थित फालभञ्ज्याङमा कूल रु ४१ लाख ४२ हजार ३१६ को लागतमा निर्माण गरिएको हो । सो अस्पतालका लागि जिल्ला समन्वय समितिको मौज्दात कोषको रु १० लाख र गाउँपालिकाको २५ लाख लगानी गरेको हो ।

विश्वव्यापी फैलिएको कोरोना भाइरस सङ्क्रमणको उपचारमा अस्पतालले महत्वपूर्ण भूमिका निर्वाह गरेको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी दिनुभयो । उहाँका अनुसार अस्पतालमा कोरोना सङ्क्रमित ९३ जनाको उपचार गरिएको थियो । तीमध्ये ९५ प्रतिशत बिरामी पालिकामै उपचार गरेर घर फर्केको उहाँको भनाइ छ ।

अस्पतालसँगै गाउँपालिकाले सामुदायिक विद्यालयको भौतिक निर्माणमा जोड दिएको बताउँदै अध्यक्ष ओझाले कूल रु एक करोड दुई लाख ३५ हजार ४७१ को लागतमा १७ वटा सामुदायिक विद्यालयका भवन निर्माण तथा मर्मत गरिएको जानकारी दिनुभयो । वडा नं २ को वडा कार्यालय भवनसमेत निर्माण गरिएको छ ।

त्यसैगरी साखु खानेपानी योजनाका लागि रु दुई करोड ५९ लाख ८४ हजार ९५१ र वडा नं २ वडा कार्यालय भवन निर्माणका लागि रु तीन करोड १७ लाख ५१ हजार २६७ बराबरको रकम विनियोजन भएको उहाँको भनाइ छ । सम्पूर्ण योजनाका लागि जिसस मौज्दात कोषको रु तीन करोड १४ लाख ३०० र बाँकी गाउँपालिकाले व्यहोरेको हो ।

प्रशासकीय भवन निर्माण गर्दै

कास्कीको अर्को माछापुच्छ्रे गाउँपालिकाको प्रशासकीय भवन निर्माण भइरहेको छ । कूल रु छ करोड ६२ लाख ११ हजार ९०६ लागतमा निर्माण गर्न लागिएको सो भवन निर्माणका लागि जिल्ला समन्वय समितिको मौज्दात कोषको रु दुई करोड ५० लाख, गण्डकी प्रदेश सरकारबाट थप रु एक करोड र गाउँपालिकाको रु तीन करोड १२ लाख ११ हजार ९०६ रहेको छ ।

पाँचवटा स्थानीय तहमध्ये पहिलो अत्याधुनिक सुविधासम्पन्न गाउँपालिकाको केन्द्र लाहाचोकमा निर्माण भइरहेको ३६ कोठे सो प्रशासकीय भवनमा २०० जना क्षमताको एक हल, दुई बैठककक्षसमेत रहेका छन् । भवन अपाङ्गमैत्री रहेको छ ।

विसं २०७८ फागुन १६ सम्ममा निर्माण सम्पन्न गर्ने गरी नयाँ बाटो/जिएस इन्जीनियरिङ जेभी पोखरा-५ सँग गत भदौ १५ गते ठेक्का सम्झौता गरिएको सो भवनको हालसम्म ७५ प्रतिशत निर्माण सम्पन्न भएको गाउँपालिकाका सबइन्जीनियर राजेन्द्र गौतमले जानकारी दिनुभयो । गाउँपालिकाका अध्यक्ष कर्णबहादुर गुरुङका अनुसार साझेदारी कार्यक्रमअन्तर्गत वडा नं ९ को आधुनिक सुविधासहितको वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ । जिससको रु ५९ लाख ९४ हजार एवं गाउँपालिकाको रु ३९ लाख ९६ हजार गरी कूल रु ९९ लाख ९० हजार १०७ को लागतमा भवन निर्माण गरिएको बताउँदै उहाँले भन्नुभयो, योजनाको प्रभावकारी अनुगमनले विकास निर्माणमा स्थानीय बासिन्दामा समेत चासो चर्चा बढेको छ ।

जिससको मौज्दात कोषबाट रु १५ लाख र गाउँपालिकाबाट रु १० लाखसहित कूल रु २५ लाख लागतमा गाउँपालिकाको केन्द्र लाहाचोकस्थित महेन्द्र माविको खेलमैदान निर्माण भइरहेको छ ।

# अफगानिस्तानको एक करोड ८४ लाख जनसंख्यालाई
## मानवीय सहयोग आवश्यकता : संयुक्त राष्ट्रसंघ

रासस
काठमाडौं, २९ साउन

अफगानिस्तानका राहत कर्मीहरुले झण्डै चार करोड जनसङ्ख्यामध्ये एक करोड ८४ लाख जनसङ्ख्यालाई मानवीय सहयोगको आवश्यकता पर्नसक्ने संयुक्त राष्ट्रसंघले बताएको छ ।

देशभरि लडाइँ फैलिँदै जाँदा एक करोड ८४ लाख मानिसलाई मानवीय आवश्यकता पर्नसक्ने मूल्याङ्कन गरिएको राष्ट्रसंघका मानवीय सहयोगमामिला अधिकारीले बिहीबार बताएका हुन् । संयुक्त राष्ट्रसंघको मानवीय मामिलासम्बन्धी समन्वय कार्यालय (ओसिएचए) ले भनेको छ, “द्वन्द्व र अन्य खतराहरूबाट सुरक्षाको खोजीमा धेरै मानिसहरू काबुल र अन्य ठूला शहरहरूमा आइपुगेका छन् ।” ओसिएचएले भनेको छ, “विस्थापित, द्वन्द्व, बाढी, लिङ्गसम्बन्धी मुद्दा र सुरक्षा निगरानीमा ध्यान केन्द्रित गर्दै मानवीय आवश्यकता र तत्काल आवश्यक प्रतिक्रियाबारे कार्यक्रम निर्धारण गर्न राष्ट्रसंघ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संगठनहरूबीच आन्तिरिक मूल्याङ्कन भइरहेको पनि छ ।”

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसका मुख्य प्रवक्ता स्टेफन डुजारिकले सञ्चारकर्मीसँगको नियमित भेटका क्रममा अफगानिस्तानको पछिल्लो घटनाक्रमबारे भन्नुभयो, “संयुक्त राष्ट्र संघ र गैरसरकारी संस्था दुवैको मानवीय सहयोग समूह अफगानिस्तानमा रहन र उद्धार गर्न समर्पित रहेको छ तर सुरक्षा वातावरण अत्यन्त जटिल र चुनौतीपूर्ण छ ।”

डुजारिकले भन्नुभयो, “संयुक्त राष्ट्र संघमा अफगानिस्तानका झण्डै तीन हजार ४०० राष्ट्रिय कर्मचारी र करिब ३०० अन्तर ाष्ट्रिय कर्मचारी रहेका भएपनि अहिले उनीहरूमध्ये अधिकांश कोभिड-१९ को महामारीका कारण अफगानिस्तान बाहिर रहनुपरेको छ । हामी द्वन्द्वरत सबै पक्षहरूसँग सम्पर्कमा छौँ ।”

# थप तीन अस्पतालबाट खोपको प्रमाणिकरण हुने

रासस
काठमाडौं, २९ साउन

विगतमा कोरोना विरुद्धको भ्याक्सिन लगाएका व्यक्तिलाई वैदेशिक यात्राको प्रयोजनका लागि थप तीन अपतालबाट खोपको प्रमाणिकरण गर्न किने व्यवस्था मिलाइएको छ । गृह मन्त्रालयका अनुसार यसअघि टेकु अस्पतालबाट हुँदै आएकामा अब त्यसका अतिरीक्त पाटन, नेपाल प्रहरी तथा निजामती अपतालबाट प्रमाणीकरण गर्न सकिने व्यवस्था मिलाइएको गृह मन्त्रालयले शुक्रकार एक सूचना जारी गरी जनाइएको छ ।

यसअघि टेकु अस्पतालबाट मात्रै प्रमाणीकरण हुँदै आएको थियो । विदेश जाने मानिसको चाप बढ्दै गएकाले उक्त व्यवस्था गरिएको जारी सूचनामा उल्लेख छ । यसअघि उपत्यका बाहिरका ५० शैयाभन्दा माथिका सरकारी अस्पतलासमेतबाट खोप प्रमाणीकरण गर्ने व्यवस्था छ । जारी सूचनामा कतिपय मुलुकले क्यूआर कोडसहितको खोप प्रमाणीकरणलाई मात्रै मान्यता दिने गरेको सन्दर्भलाई दृष्टिगत गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेव साइटमा खोप लगाएको विवरण प्रविष्ट गरी प्रमाणीकरण गर्न किनेछ । आवश्यक कागजात अनलाइन फर्ममा रहेको कबुलियतनामाको नमूना अपलोड गरी उक्त कोड प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको जनाइएको छ ।

यसरी अपलोड भएका कागजात स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको अनलाइनबाट स्वतःप्रमाणीकरण हुने हुनाले क्यूआर कोड सबैले पाउने व्यवस्था मिलाइएको छ । यस विषयमा कुनै समस्या परेमा वरिष्ठ जनस्वास्थ्य अधिकृत दीपक झा (मोवाइल ९८४३२८४३५२ मा)लाई सम्पर्क गर्न सकिने गृह प्रवक्ता फणिन्द्रमणि पोखरेलद्वारा जारी विज्ञप्तिमा छ ।

# अलैँचीमा डढुवा रोग किसान चिन्तित

पोखरापत्र संवाददाता
बागलुङ, २९ साउन

बागलुङका जैमिनी नगरपालिका-२ दमेकमा व्यावसायिकरूपमा लगाइएको अलैँचीमा डढुवा रोग लागेपछि किसान चिन्तित छन् । डढुवा रोगका कारण बारीभरिका अलैँचीका बोट सुकेपछि किसान चिन्तित बनेका हुन् ।

धान, मकै, कोदो रोप्न छोडेर नगदे बालीका रूपमा लगाइएको अलैँची खेतीमा समेत मासिने गरी रोग लागेको हो । बोटमा रोग लागेपछि त्यसबाट हुने उत्पादन शून्यमा झर्ने किसानको भनाइ छ । जैमिनी-२ र ३ मा गरी अलैँचीका दुई वटा पकेट क्षेत्र बनाइएको थियो । स्थानीय वेद छन्त्यालले दुईवटै क्षेत्रमा रहेको अलैँची सुक्दै गएपछि किसान मर्कामा परेको बताउनुभयो । केही समयदेखि अलैँची सुक्दै गइरहेको जानकारी दिँदै छन्त्यालले रोगका कारण अलैँचीको बोट सुक्दै गएपछि किसानमा ठूलो चिन्ता छाएको र कतिपय किसानले त अलैँचीको गाँज नै उखेलेर फाल्न थालेको बताउनुभयो । यस्तो समस्या गत पुस महिनादेखि सुरु भएको छन्त्यालको भनाइ छ । त्यस क्षेत्रमा करिब पाँच प्रतिशत मात्र अलैँचीको बोट राम्रो रहेको उहाँले बताउनुभयो । अघिल्लो वर्ष अलैँची बेचेर पकेट क्षेत्रका नागरिकले करिब रु ४५ लाख आम्दानी गर्न सफल भए पनि अहिले भने त्यो नहुने भएपछि किसान चिन्तित बनेका छन् । दुई वटा पकेट क्षेत्र गरी करिब दुई हजार ४०० रोपनी जग्गामा अलैँची लगाइएको छ । अलैँची पकेट क्षेत्रका अध्यक्ष लोकेन्द्र सापकोटाले रोगको पहिचान नै हुन नसकेका कारण किसान चिन्तित बनेको बताउनुभयो । खासगरी अलैँचीमा लाग्ने रोग, त्यसको निदानको बारेमा किसानलाई सचेत नगराई व्यावसायिकरूपमा अलैँची उत्पादन गर्दा किसानले समस्या झेल्नुपरेको उहाँको बुझाइ रहेको छ । किसानको समस्याबारे कृषि ज्ञान केन्द्रले समेत वास्ता नगरेको उहाँको भनाइ थियो । यसबारेमा कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले त्यसबारे रिपोर्ट नआएको बताउनुभयो ।


## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : | आर्थिक समस्या | तुला | : | अप्रत्यसित लाभ |
| वृष | : | मानसिक तनाब | वृश्चिक | : | शत्रुको भय |
| मिथुन | : | मन चञ्चल | धनु | : | सम्मान मिल्नेछ |
| कर्कट | : | शारीरिक झमेला | मकर | : | सहयोग मिल्नेछ |
| सिंह | : | झमेला बढ्ने | कुम्भ | : | सत्कार मिल्नेछ |
| कन्या | : | कार्यमा सफलता | मीन | : | ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विद्युतभार कटौतीले उपभोक्ता हैरान

–कृष्ण न्यौपाने
दमौली, २९ साउन

अघोषितरूपमा हुने विद्युत् भार कटौतीका कारण तनहुँका उपभोक्ता हैरान बन्दै गएका छन् ।

विनासूचना प्राधिकरणले पटकपटक विद्युत् कटौती गर्दा अनलाइन कक्षा पढ्ने विद्यार्थी र उद्योगी व्यवसायी मर्कामा छन् । लामो समयदेखि दैनिक विद्युत् जाने आउने समस्या भइरहेको उपभोक्ताको गुनासो छ ।

जिल्लाको म्याग्दे गाउँपालिकामा १० दिनदेखि विद्युत् अवरुद्ध भएपछि स्थानीयवासी मर्कामा छन् । मर्मत गर्नेतर्फ विद्युत् प्राधिकरणले चासो नदेखाएको उद्योग वाणिज्य सङ्घ थर्पु बजार इकाइ सभापति भीमलाल श्रेष्ठले बताउनुभयो । “दश दिन भइसक्यो विद्युत्को समस्या छ, पटकपटक जानकारी गराउँदा पनि चासो दिइएको छैन”, उहाँले भन्नुभयो ।

विद्युत् अनियमित हुँदा अनलाइन कक्षा पढ्ने विद्यार्थी बढी मारमा परेको स्थानीयवासी रामभक्त घिमिरेले बताउनुभयो । “विद्युत् प्राधिकरणलाई आइतबारसम्म यो समस्या समाधान गर्न अल्टिमेटम दिएका छौँ, त्यसभित्र पनि मर्मत नभए विद्युत् प्राधिकरणमा ताला लगाइदिन्छौँ”, उहाँले भन्नुभयो ।

विद्युत् प्राधिकरण वितरण केन्द्रका प्रमुख सोवितबहादुर क्षेत्रीले म्याग्दे क्षेत्रमा समस्या आएको ठाउँ पत्ता लगाउन नसक्दा मर्मतमा कठिनाइ भएको बताउनुभयो । “राजमार्ग क्षेत्रमा विद्युत् नियमित भए पनि भित्री क्षेत्रमा मर्मत कार्य जारी छ, कहाँनेर समस्या छ भन्ने पत्ता लगाउन गाह्रो भइरहेको छ”, उहाँले भन्नुभयो, “छिट्टै उक्त समस्या समाधान हुन्छ”, उहाँका अनुसार शुरुका केही दिन थर्पु शाखाका प्राविधिकले मर्मतका लागि काम गरे पनि समस्या समाधान हुन नसकेपछि अहिले जिल्लाबाटै प्राविधिक खटिएका छन् ।

शुक्लागण्डकी नगरपालिकामा पनि अनियमित विद्युत्ले सर्वसाधारण हैरान छन् । “लाइन कति बेला जान्छ । कति बेला आउँछ पत्तो हुँदैन”, शुक्लागण्डकी-३ कवासे निवासी समुन्द्र कार्की भन्नुभयो, “यतिबेला बाबुनानीको अनलाइन कक्षा चलेको छ । बेलाबेला लाइन जाँदा पढ्न समस्या भएको छ ।” कहिलेकाहीँ दिनमा १० पटकसम्म पनि लाइने जाने गरेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार बिहान, दिउँसो, बेलुका जुनसुकैबेला पनि विद्युत् अवरुद्ध हुने समस्या छ । विद्युत् जाने समस्याले अनलाइन कक्षा चलाउनै समस्या हुने गरेको ज्ञानबगैँचा बोर्डिङ स्कूल बेलचौताराका प्रधानाध्यापक सुरेश पौडेलले बताउनुभयो । “कक्षा शुरु भयो लाइन जान्छ, फेरि आउँछ, हैरान बनाउँछ । यो समस्याले प्लानिङअनुसार पढाउन सकिँदैन । तालिका अस्तव्यस्त हुन्छ”, उहाँले भन्नुभयो ।

विद्युत्भार कटौती धेरै हुन थालेपछि विद्यालयले इन्भटर खरिद गरेको छ । विद्यालयले इन्भटर व्यवस्था गरेर कक्षा चलाउँदा विद्यार्थी भने लाइन गएका बेला एक दुई जना मात्रै सहभागी हुने गरेको उहाँले जानकारी दिनुभयो । विनाजानकारी विद्युत् कटौती गर्नुको सट्टा घोषितरुपमै विद्यत्भार कटौती गर्दा सहज हुने उहाँको भनाइ छ । “विद्यु्तभार कटौतीको तालिका भए त्यहीअनुसार अनलाइन कक्षाको तालिका बनाएर पढाइन्थ्यो”, उहाँले भन्नुभयो । दैनिक विद्युत् अनियमित हुँदा उद्योग सञ्चालक पनि मारमा परेको शुक्लागण्डकी उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिकुमार श्रेष्ठले बताउनुभयो । केही उद्योग धरासायी बन्ने अवस्था सिर्जना भएको उहाँले गुनासो गर्नुभयो । पटकपटक समस्या समाधानका लागि प्राधिकरणको ध्यानाकर्षण गराए पनि समस्या नहटेको उहाँको भनाइ थियो ।

विद्युत् अनियमितता हुन थालेपछि कतिपयले बिग्रिएर थन्काएका इन्भटर ब्याट्री मर्मत गरेर पुनःप्रयोगमा ल्याउन थालेका छन् । जिल्लामा बेलचौतारा सवस्टेसनबाट विद्युत् वितरण हुने शुक्लागण्डकी तथा भिमाद नगरपालिकालगायतका विभिन्न क्षेत्रका उपभोक्ताले अघोषित विद्युत्भार कटौतीको सास्ती खेप्नुपरेको हो ।

फिडरमा समस्या देखिएकाले लाइन काटिने समस्या भइरहेको नेपाल विद्युत् प्राधिकरण लेखनाथ वितरण केन्द्रका प्रमुख परितोष चौधरीले बताउनुभयो ।

# मनाइयो नागपञ्चमी

रासस
काठमाडौं, २९ साउन

प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी पर्व शुक्रबार घरका मूल ढोकामाथि ब्राह्मण पुरोहितबाट नागको तस्वीर टाँसी पूजाआजा गरेर मनाइएको छ।

शुक्रबारको दिनमा घरको मूल ढोकामाथि नागको तस्वीर टाँसेमा नाग, सर्प, बिच्छीजस्ता जीवबाट वर्षभरि दुःख नपाइने धार्मिक विश्वास रही आएको छ। साथै चट्याङ, अग्निभय र मेघका कारण समेत पीडित हुनु नपर्ने भन्ने कुराको उल्लेख बराहलगायत पुराणमा गरिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतमले जानकारी दिनुभयो।

काठमाडौँका नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरीलगायत नेपालभरका नागदह,नागकुण्डरनागस्थानहरूमा नागको पूजाआजा गरी मेला लाग्ने गर्दछ। साथै पशुपतिस्थित वासुकी मन्दिरमा समेत यस दिन विशेष पूजाआजा गर्ने गरिएकामा यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमणको जोखिम कायमै रहेकाले वैशाख पहिलो हप्तादेखि नै मूल मन्दिर बन्द गरिएको छ। जसका कारण भक्तजनले बाहिरैबाट मात्र दर्शन गर्न पाएका छन्। यस वर्ष साउनको चारवटा सोमबारसम्म पनि भक्तजन पशुपतिको मूल मन्दिरभित्र पस्न पाएका छैनन्। नाग पूजा गरेपछि खेतबारीमा खनजोत नगरी किसानले समेत आराम गर्ने गर्दछन्। आजको दिनमा खनजोत गरेमा नाग मारिन्छन् भन्ने धार्मिक विश्वास छ। घर, खेत, बारीमा पनि नागले बास गर्छन् भन्ने वैदिक मान्यता छ। यसै मान्यताका आधारमा खेत बारीमा नाथस्थान बनाई पूजा गरिन्छ।

नागपञ्चमीका दिन विधिपूर्वक पूजाआजा गरी घरको मूल ढोकामा नाग टाँसेमा वर्षभर विद्युत्, अग्नि, सर्प, चट्याङ लगायतको भय नहुने धार्मिक विश्वाससमेत नेपाली समाजमा छ।

# धार्मिक पर्यटकीय तीर्थस्थल कमलपोखरी

–वासुदेव पौडेल
पोखरा, २९ साउन



पोखरा महानगरपालिका- १३ कुँडहरस्थित विश्व रामसार सूचीमा सूचीकृत कमलपोखरी ताल नाग र कमलको फूलका कारण परिचित धार्मिक पर्यटकीय तीर्थस्थल हो।

पोखराको मुख्य बजार क्षेत्रबाट अत्यन्त छोटो दूरीमा रहेको कमलपोखरीमा ढकमक्क कमल फूल ढाकिनुका साथै नागको बासस्थान रहेको प्राचीन जनविश्वाससमेतले यसको महत्व र गरिमा बढाएको छ। पछिल्ला वर्षमा ताल अवलोकनका लागि दैनिकरूपमा पर्यटक आउने गरेका छन्। तालको दृश्यावलोकनका साथै यहाँ पाइने विभिन्न प्रजातिका माछा र समयसमयमा टाढाटाढाबाट आउने चराचुरुङ्गीले पर्यटकलाई लोभ्याउने गरेका छन्। यहाँको संरक्षणमा स्थानीय दलित समुदाय झण्डै डेढ दशकयता जुटिरहेकामा पछिल्लो समयमा सङ्घ, प्रदेश तथा स्थानीय तहले पनि उत्तिकै चासो देखाउँदै आएको पाइन्छ। तालको संरक्षणका लागि विस्तृत आयोजना प्रतिवेदन(डिपिआर) तयार गरी यसको संरक्षण र विकासको प्रयास थालिएको पोखरा महानगरपालिका वडा नं १३ का वडाध्यक्ष दर्शन लामाले जानकारी दिनुभयो। उहाँका अनुसार तालको संरक्षणका लागि रु ४० लाखको लागतमा वरपर पर्खाल लगाउने काम थालिएको छ। पर्खाल निर्माणका साथै तालको किनारामा व्यवस्थित बाटो निर्माण गर्न लागिएको उहाँले जानकारी दिनुभयो। विश्वरामसार सूचीमा सूचिकृत रहेका कारण पछिल्लो समयमा यसको संरक्षण थप चासोको विषय बनेको छ। धार्मिक पर्यटकीयरूपमा पनि उत्तिकै महत्व राख्ने कमलपोखरी परिसरमा प्रत्येक वर्षको नागपञ्चमीमा विशेष मेला लाग्ने गरेको छ। भगवान् विष्णुको प्रतिकका रूपमा मानिने कमल फूल फूल्ने भएका कारण कमलपोखरी ताल नामकरण भएको बताउने यहाँका स्थानीयवासी तालमा झार झाङ्गिँदै गएकोतर्फ पनि राज्यको ध्यान पुग्नुपर्ने बताउँछन्।

कमलपोखरी तालको क्षेत्रफल शुरुमा ३८ रोपनी भए पनि पछिल्ला वर्षमा अतिक्रमणको सिकार बनिरहेको स्थानीयवासीको गुनासो छ। पोखरा बजारको नजिकै रहेका कारण विशेषतः शनिबार र अन्य सार्वजनिक बिदाका दिन यहाँ ठूलो सङ्ख्यामा पर्यटक आउने गरेका छन्।

तालको संरक्षणका लागि यहाँका स्थानीयवासी २०४५ सालदेखि नै सङ्गठित बन्दै आएकामा २०५१ सालमा कमलपोखरी आमा समूह दर्तागरी औपचारिकरुपमै संरक्षण र विकासको पहल थालिएको थियो। त्यस्तै २०६४ सालमा गठित कमलपोखरी संरक्षण समितिको पहलमा यसको संरक्षण र विकासका कामलाई थप अघि बढाइएको छ।

विश्वरामसार सूचीमा सूचीकृत कमलपोखरीसहित पोखरा उपत्यकाका नौ तालको व्यवस्थापन योजनासमेत तयार भएको छ। रामसार सूचीमा सूचीकृत ताल पर्यटकीयरूपमा पनि उत्तिकै महत्वको रहेको बताउने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख काशीराज भण्डारी प्राकृतिक एवं मानवीय अतिक्रमणको चपेटाबाट जोगाउँदै यिनीहरूको संरक्षण र विकास गर्नुपर्ने बताउनुहुन्छ।

स्थानीयवासीको सक्रियताविना तालको संरक्षण सम्भव नहुने भएकाले संरक्षणसँगै यसलाई पर्यटनसँग जोडेर आर्थिक समृद्धि र विकासका लागि दीर्घकालीन योजनाका साथ अघि बढ्नुपर्ने उहाँले आवश्यकता औँल्याउनुभयो। कमल पोखरी चार दशकअघिसम्म बुढुवा तालका रूपमा परिचित थियो। यहाँ पाइने कमल फूल, विभिन्न प्रजातिका माछा तथा चराचुरुङ्गी आदिले यहाँको सौन्दर्य बढाएका छन्।

तालका बीच भागमा रहेका नागको मूर्तिका कारण नाग पञ्चमीको दिनमा यहाँ विशेष मेला लाग्ने गर्दछ। तालमा रहेको कमललाई नागपञ्चमीमा पूजा गरेर कमलको फूलपात घरमा लगेर राखेमा राम्रो हुने जन विश्वासका कारण यस दिन यहाँ आएर कमलको फूल तथा पात घरमा लगेर राख्ने प्रचलन पनि छ। तालको किनारामा रहेका राधाकृष्ण, गणेश, नाग र बाबा विश्कर्माको मन्दिर र सँगै दुई वटा पाटीले यहाँको सौन्दर्य थप बढाएको छ। यहाँको सौन्दर्यतालाई उजागर गर्न सुन्दर पार्क निर्माणका साथै आकर्षक प्रवेशद्वार, तालसम्मको बाटोलाई व्यवस्थित गर्नेलगायतका काम स्थानीय तहका प्राथमिकतामा परेका छन्।

# इन्टरनेट सेवाको शुल्क घटाइने तयारी

रासस
काठमाडौं, २९ साउन

सरकारले सबैमा इन्टरनेट सेवाको पहुँच पुऱ्याउन शुल्क घटाउने तयारी गरेको छ। लिभिङ विट आइसिटीले आज यहाँ आयोजना गरेको 'मेरो डिजिटल नेपाल, मेरो परिकल्पना' कार्यक्रममा सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालले सबैमा इन्टरनेट सेवाको पहुँच पुऱ्याउनका लागि सेवा शुल्क घटाउने तयारी गरिएको जानकारी दिनुभयो।

"मोवाइल डाटा वा वाईफाई कुनबाट शुल्क घटाउन सकिन्छ भनेर हामी अध्ययन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "सरकारी र नीजि मिलेर अहिले भएको दरमा इन्टरनेट सेवाको शुल्क घटाई सबैको सुलभ बनाइने छ।" एउटा किसानले पनि आफ्नो उत्पादनलाई टेक्नोलोजीसँग जोड्न सक्ने गरी बजारीकरण गर्न सजिलो गराउनका लागि इन्टरनेट सेवाको शुल्क घटाउन थालिएको उहाँको भनाइ छ। उहाँले डिजिटल नेपाल फ्रेमवर्क बनाउन सबै लाग्नुपर्ने धारणा राख्नुभयो। प्रतिनिधिसभाको दिगो विकास तथा सुशासन समिति सभापति तारादेवी भट्टले सूचना प्रविधिको प्रयोग गरेर मात्र मुलुकमा दिगो विकासको लक्ष्य प्राप्त गर्न सकिने बताउनुभयो। प्रविधिको प्रयोग गरेर मात्र मुलुकलाई समृद्ध बनाउने सकिने बताउँदै उहाँले नेपाललाई डिजिटल नबनाई सुशासन हुन नसक्नेतर्क गर्नुभयो। राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रबहादुर गुरुङले कोरोनाका कारण डिजिटल नेपाल फ्रेमवर्कलाई प्रभाव पारेको भन्दै सूचना प्रविधिको विकास सरकारले भन्दा निजी क्षेत्रले गरेको बताउनुभयो। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश आचार्यले नेपालका सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासका लागि शिक्षा र प्रविधिलाई सँगसँगै जोडेर लैजानुपर्ने बताउनुभयो।

# एक करोड अनुदान वितरण

पोखरापत्र संवाददाता
म्याग्दी, २९ साउन

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइले बङ्गुरपालन र सुन्तलाखेती गरेका कृषकलाई रु एक करोडभन्दा बढी अनुदान वितरण गरेको छ।

सुन्तला र बङ्गुरको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रम लागू भएका ठाउँका कृषकलाई कृषि उपकरण, साना सिँचाइ, नर्सरी स्थापना, गोठ सुधार, क्षमता बिस्तारका लागि कूल लागतको ५० देखि ८५ प्रतिशतसम्म अनुदान दिएको हो। परियोजनाले आर्थिक वर्ष २०७७/७८ मा सुन्तला जोनमार्फत रु ६६ लाख १० हजार ७८६ र बङ्गुर जोनमार्फत रु ३६ लाख ५६ हजार ८०९ अनुदान वितरण गरेको जनाएको छ।

कृषि अधिकृत विक्रम बस्यालले सुन्तला जोनमार्फत रु तीन लाख २५ हजार ५०० खर्च गरेर ५० प्रतिशत अनुदानमा २० हजार ७०० बिरुवा वितरण गरेर एक हजार ३८० रोपनीमा सुन्तलाखेती बिस्तार गरिएको जानकारी दिनुभयो।

कृषि यान्त्रिकरण सहयोग कार्यक्रमअन्तर्गत ४० मिनिटेलर, दुई वटा ग्रासकटर, दुई वटा ह्याण्ड स्प्रेयर, २६ वटा पावर स्प्रेयर, ५६ वटा सिकेचर, ५६ वटा प्रुनिङ सअ र १७ डिजिटल काँटा खरिद गर्न ५० प्रतिशतका दरले रु १२ लाख ५७ हजार ४११ अनुदान उपलब्ध गराइएको छ। ८५ प्रतिशतका दरले कूल रु ५८ हजार ९४९ अनुदान सहयोगमा तीन गोठ सुधार, ८५ प्रतिशतका दरले रु २७ लाख ८० हजार ९३४ सहयोगमा २१ सिँचाइ आयोजना, ७५ प्रतिशतका दरले रु ७१ लाख ४१ हजार ६२९ सहयोगमा पाँच नर्सरी स्रोत केन्द्र स्थापना भएको छ। सिगाना, बर्नौं, भकिम्ली, दोसल्ले र पात्लेखेतमा नर्सरी स्रोत केन्द्र स्थापना भएको छ। मङ्गला माविमा प्राविधिक शिक्षालयको साझेदारीमा व्यावसायिक उत्पादन कार्यक्रम सञ्चालनमा रु तीन लाख तीन हजार ८६३ खर्च भएको छ। ४७५ प्लास्टिक क्रेट खरिद गर्न ५० प्रतिशतका दरले रु एक लाख ४२ हजार ५०० अनुदान वितरण भएको छ। बेनी, बागलुङ नगरपालिका, जलजला, मङ्गला, मालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाको ५२ वडामा सुन्तला जोन कार्यक्रम लागू भएको छ। यसैगरी इकाइमार्फत सञ्चालित बङ्गुर जोन कार्यक्रमअन्तर्गत १६ बङ्गुर फार्म तथा कृषकले विभिन्न शीर्षकमा रु ३६ लाख ५६ हजार ८०९ अनुदान पाएका नायब पशु सेवा प्राविधिक बलबहादुर ओलीले जानकारी दिनुभयो। बङ्गुर फार्मको नयाँ पूर्वाधार निर्माण, पुराना गोठ सुधार र व्यवस्थापन, गोबरग्यास निर्माण, मासु पसल सुधार गरेका छन्। बेनी नगरपालिका- १ को अर्जम पशुपालन तथा बहुद्देश्यीय कृषक समूहले सुँगुर खोर सुधार गर्न विपन्न वर्ग लक्षित उन्नत बङ्गुरपालन कार्यक्रममार्फत रु पाँच लाख ७६ हजार ७७० अनुदान पाएका छन्। अनुदान पाउने अन्य फार्ममा पहिलो कृषि , साजन बङ्गुर तथा साजन फ्रेस हाउस, पुर्जा पशुपक्षी तथा कृषि, समीक्षा एण्ड समीर बङ्गुर , दिपेश बङ्गुर प, सङ्गम पशुपक्षी तथा बङ्गुर , सुनगामा कृषि तथा पशुपक्षी , उर्वसी अर्जम पशुपालन तथा बहुद्देश्यीय कृषि , हेराल बङ्गुरपालन , गौरखी कृषि उद्यम केन्द्र, उद्यमशील कृषि तथा पशुपक्षी , सिर्जना कृषि तथा बङ्गुरपालन , थापा पशुपक्षी कृषि मत्स्यपालन र सिमलचौर बङ्गुर फार्म छन्।

## हार्दिक समवेदना



जन्म
वि.सं. १९९४/०१/०१

स्वर्गारोहण
वि.सं. २०७८/०४/१८

स्व. अन्नपूर्ण पौडेल

यस विद्यालयमा कार्यरत शिक्षक श्री दुर्गा खनालकी ममतामयी सासुआमा अन्नपूर्ण पौडेलको असामयीक निधनको खबरले हामी मर्माहत भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ, साथै सोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौ।

रामदत्त पौडेल
प्रधानाध्यापक

शिबराज बास्तोला
वि.व्य.स. अध्यक्ष

तथा

महेन्द्र माध्यमिक विद्यालय परिवार
नयाँबजार, पोखरा-९, कास्की

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. २००१/१२/२५ गते

स्वर्गारोहणः
वि.स. २०७८/०४/१८ गते

स्वः ईश्वरीलाल श्रेष्ठ

पोखरा महानगरपालिका वडा नं. १ निवासी समाजसेवी **ईश्वरीलाल श्रेष्ठ**को असामयीक निधनले हामी अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

| | | | |
|---|---|---|---|
| राजेन्द्र शाक्य | पोखरा-१ | विमल श्रेष्ठ | पोखरा-१ |
| बुद्धि गुरुङ | पोखरा-२ | विमल बडगामी | पोखरा-१ |
| दिनेश श्रेष्ठ | पोखरा-१८ | सिद्धिभक्त श्रेष्ठ | पोखरा-१ |
| राजेन्द्र प्रधान | पोखरा-१ | कमल श्रेष्ठ | पोखरा-१ |
| साहारा प्रधान | पोखरा-१ | प्रदिप बुद्धाचार्य | पोखरा-१ |
| विमलमान गुभाजू | पोखरा-१ | हरि प्रधान | पोखरा-१ |